राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



वर्ष ७ अंक २९ २०८२ भदौ १ गते आईतवार (17 Aug. 2025) पृष्ठ ४ मूल्य रु. ३।-


## मधेशमा करेन्टबाट मृत्यु बढ्दो: किसान मुख्य पीडित



दैनिक समाचारदाता

जनकपुर, ३१ साउन । विद्युतिय सुरक्षामा सावधानी नअपनाउँदा मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको संख्या बढ्दो छ। अधिकांश मृतक किसान रहेका तथ्याङ्कले देखाएको छ। वर्षा कम वा सिँचाइको क्रममा विद्युतीय मोटर प्रयोग गर्दा असावधानीका कारण खेतमै ज्यान गुमाउने घटनाहरू बढिरहेका छन्।

साउन महिनामा विभिन्न जिल्लामा धेरै घटना घटेका छन्। धनुषा, सप्तरी, रौतहट, सिराहा, सर्लाही लगायतमा खेतमा पानी तान्ने वा घरमा विद्युत प्रयोग गर्ने क्रममा ३० देखि ७० वर्षका पुरुष-महिला र बालबालिका मृत्यु भएका छन्। उदाहरणका लागि, साउन २३ गते धनुषाको तेजनगर बस्ने ४५ वर्षीय शिवजी मण्डल र सप्तरीको कटैयामा ४२ वर्षीय शम्भुकुमार इसर खेतमा सिँचाइका क्रममा मृत्यु भएका थिए।

मधेश प्रदेशमा विगत तीन वर्षमा करेन्ट लागेर ३२४ जनाको मृत्यु भएको छ। २०७९/८० मा १०७, २०८०/८१ मा ९८ र २०८१/८२ मा ११९ जनाको मृत्यु भएको तथ्याङ्कले देखाएको छ। मृतकमध्ये पुरुष, महिला र बालबालिका सबै रहेका छन्।

नेपाल विद्युत् प्राधिकरणका अनुसार, असावधानी, लापरबाही र पोलमा अर्थिङ नजडान गर्नु मुख्य कारण हुन्। करेन्ट लाग्नबाट जोगिन सुरक्षित तार र उपकरण प्रयोग, अर्थिङ जडान, पानी नजिक विद्युत प्रयोग नगर्नु, भिजेको हातले स्विच नछुनु र बालबालिकालाई सचेत गराउनु जरुरी छ। करेन्ट लागेमा प्रत्यक्ष नछुने, सुकेको काठ वा प्लास्टिक प्रयोग गरी छुट्याउने र तत्काल अस्पताल पुऱ्याउने सुझाब दिइएको छ।

## सर्पदंशबाट महिलाको मृत्यु

दैनिक समाचारदाता

सप्तरी, ३१ साउन । सप्तरीको खडक नगरपालिकामा सर्पदंशबाट एक वृद्ध महिलाको मृत्यु भएको छ ।

नगरपालिकाको वडा नम्बर-९, लालपट्टी घर भएकी ७० वर्षीया भुलुरबती साहको सर्पदंशबाट मृत्यु भएको हो ।

शुक्रबार साँझ करिब ६ बजे आफ्नै खेतमा पानी पठाउने क्रममा सर्पले उनको बाँया हातमा टोकेको परिवारले जनाएको छ।

घाइते साहलाई तत्कालै श्रीबरखगण सर्पदंश उपचार केन्द्र, कल्याणपुर ल्याइएको र सामान्य उपचारपछि थप उपचारका लागि सिराहाको कर्जन्हास्थित फुलकुमारी महतो मेमोरियल अस्पताल लगिएको थियो ।

अस्पतालमा शुक्रबार राति चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो ।

मृतकको शव सोही अस्पतालमै राखिएको र घटनाबारे जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय कल्याणपुरबाट प्रहरी टोली खटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### भिठामोड नाकाबाट एक वर्षमा मात्र

# ८२ करोडबढीको चावल नेपाल भित्रियो, स्वदेशी उत्पादनमाथि असर

आर्थिक वर्ष २०८१/८२ मा भारतबाट १,७३५ मेट्रिक टन चामल र २६,४६६ मेट्रिक टन धान नेपाल भित्रिएको छ। भन्सारमा कम मूल्य घोषणा र तस्करीले आयात बढाएको र कृषिमा पर्याप्त प्रोत्साहन नदिँदा परनिर्भरता बढिरहेको व्यापारीहरूले बताएका छन्।

**वीरेन्द्र कर्ण**

जनकपुरधाम, ३१ साउन । छिमेकी मुलुक भारतबाट आर्थिक वर्ष २०८१/०८२ मा ८२ करोड ७९ लाख ८० हजार मूल्य बराबरको एक हजार सात सय ३५ मेटन चावल नेपाल भित्रिएको छ । जसमध्ये ३ करोड ६० हजार मूल्य बराबरको ४ सय ८७ मेटन बासमती चावल र ७९ करोड ८९ लाख ७४ हजार मूल्य बराबरको १ हजार ३ सय ८४ मेटन मोटो चावल रहेको क्वारेन्टाइन कार्यालय भिठामोडले जनाएको छ ।



प्रमुख किशोर कुमार यादवका अनुसार गत वर्ष भारतबाट चावल आयातको वृद्धिदर निकै बढीरहेको तथ्यांकले देखाएको बताउनुभयो । यो वृद्धिदर कृषिमा आधारित अर्थतन्त्र भएको मुलुकको लागि स्वभाविक नभएको व्यापारीहरु बताउँछन् ।

भन्सार विन्दुबाट नलगि चोरी आयात पनि त्यतिकै बढेको छ । व्यापारीहरु भन्सार विन्दुमा घोषणा गरेको भन्दा बजार मूल्य पनि उच्च रहेको छ । व्यापारीहरुले चावल आयत गर्दा कृषि सुधार शुल्क तिर्नुपर्ने भएकोले भन्सार विन्दुमा सकेसम्म थोरै रकम घोषणा गर्दै आई रहेका छन् । भारतीय सीमा नजिकका नेपाली उपभोक्ताहरु दैनिक भारतबाट ठूलो परिणाममा ल्याउँछन्, जुन भन्सारमा रिकर्ड हुँदैन । त्यति मात्र नभएर व्यापारीहरुले तस्करी मार्फत समेत चावल ल्याउने गर्दछन् ।

यसैगरी सोही आर्थिक वर्षमा ७६ करोड २२ लाख ३५ हजार मूल्य बराबरको २६ हजार ४ सय ६६ मेटन धान नेपाल भित्रिएको छ । कृषिमा आधारित खेतीलाई सरकारले प्रोत्साहन नदिदा वर्षेनी करोडौं रुपैया भारततर्फ जाने गरेको छ भने यसले परनिर्भरता समेत बढ्न गएको छ । जसले गर्दा नेपाली अर्थतन्त्रमा नकारात्मक प्रभाव बढ्दै गएको व्यापारीहरु बताउँछन् ।


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# परिणाममुखी विकास चाहिन्छ

प्रधानमन्त्री केपी शर्मा ओलीले जनकपुरधाममा मधेश प्रदेश प्रहरी प्रशासनिक भवनको उद्घाटनसँगै महोत्तरीमा विभिन्न पूर्वाधार परियोजनाको शिलान्यास गरेका छन्। करिब २५ करोड रुपैयाँ लागतमा निर्धारित समयअघि सम्पन्न भएको प्रहरी प्रशासनिक भवनको उद्घाटनले प्रदेशमा अपराध नियन्त्रण, अनुसन्धान र शान्ति-सुरक्षाको क्षमतामा सुधार हुने अपेक्षा गरिएको छ। यस्तै, महोत्तरीमा सडक शिलान्यासले यातायात र ग्रामीण जनजीवनमा सहजता ल्याउने विश्वास गरिएको छ।

तर, यहाँ प्रश्न उठ्छ–यस्ता उद्घाटन र शिलान्यास कार्यक्रमहरू के केवल राजनीतिक उपस्थितिको प्रदर्शन मात्र हुन्, वा यिनले साँच्चिकै मधेश प्रदेशका नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने छन्?

प्रधानमन्त्री ओलीले सुरक्षाकर्मीलाई दलीय स्वार्थभन्दा माथि उठेर सेवा दिन निर्देशन दिएका छन्। यो सन्देश सन्दर्भहीन छैन। मधेशमा फैलिँदो लागूऔषध दुरुपयोग, सीमापार अपराध, मानव तस्करी र आर्थिक अपराध चुनौतीका रूपमा उभिएका छन्। प्रहरी प्रशासनिक भवन मात्र निर्माण गर्नु पर्याप्त हुँदैन; त्यहाँ दक्ष जनशक्ति, प्राविधिक सुविधा र स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण पनि चाहिन्छ। नत्र, भवन नयाँ भए पनि सेवा पुरानै ढर्रामा सीमित हुन्छ।

त्यसैगरी, सुख्खा-खडेरीले प्रभावित जिल्लामा प्रधानमन्त्रीले छिटो समाधानको आह्वान गरेका छन्। तर, विगतका अनुभवले देखाउँछ–मधेशमा खडेरी, बाढी वा विपद् व्यवस्थापन प्रायः राजनीतिक घोषणामा सीमित हुने गरेका छन्। वास्तविक समाधानका लागि स्थानीय तहसँगको सहकार्य, दीर्घकालीन सिँचाइ प्रणाली र खानेपानी पूर्वाधार विकास अपरिहार्य छ। राजस्व संकलनमा आएको कमीप्रति प्रधानमन्त्रीको असन्तुष्टि स्वाभाविक हो। तर, समाधानका लागि केवल निर्देशनले पुग्दैन। कर प्रणाली सरल बनाउन, कर छली नियन्त्रण गर्न र उत्पादनमुखी क्षेत्रमा लगानी बढाउन सरकारको स्पष्ट योजना आवश्यक छ। अन्यथा, हरेक कार्यक्रममा 'समाधानका लागि कदम चालिन्छ' भन्ने राजनीतिक आश्वासन मात्रै दोहोरिनेछ।

यसैबीच, मुख्यमन्त्री सिंहले सुनकोशी-मरिन डाइभर्सन परियोजना तत्काल सञ्चालन गर्न गरेको आग्रहले अर्को यथार्थलाई स्मरण गराउँछ। प्रदेश सरकारसँग धेरै सपना छन् तर अधिकार, बजेट र कार्यान्वयन क्षमतामा सीमितता छ। संघीयता कार्यान्वयनको ८ वर्षपछि पनि प्रदेशहरू अझै संघीय सरकारको पहल र अनुकम्पामा निर्भर हुनु परिरहेको तथ्य यसैबाट प्रष्ट हुन्छ।

महोत्तरीमा शिलान्यास गरिएको हुलाकी सडक खण्डले यातायात सहज बनाउने आशा जगाएको छ। सडक निर्माणले सदरमुकामसम्मको दूरी छोट्याउने मात्र होइन, किसानका कृषिजन्य वस्तु बजारसम्म पुर्‍याउन मद्दत गर्नेछ। तर, यस्ता सडक परियोजनामा देखिने ढिलासुस्ती, निम्नस्तरीय गुणस्तर र बजेट दुरुपयोगको समस्या यसपटक दोहोरिन नदिने प्रतिबद्धता सरकार र ठेकेदार दुवैबाट आवश्यक छ।

प्रधानमन्त्रीको साउन महिनामा मधेश भ्रमण दोस्रोपटक हुनु सकारात्मक संकेत हो। तर, भ्रमणले दीर्घकालीन विकास दृष्टिकोण र प्रदेशलाई अधिकार सम्पन्न बनाउने स्पष्ट योजनासहित हुनु जरुरी छ। उद्घाटन र शिलान्यास कार्यक्रमले तत्कालीन लोकप्रियता त दिलाउँछ, तर स्थायी प्रभाव तब मात्र पर्छ जब ती परियोजना समयमै, गुणस्तरीय र जनतामुखी रूपमा सम्पन्न हुन्छन्। यसैले, आजको सम्पादकीय प्रश्न यही हो–भवन र सडकका शिलान्यासले मधेशका नागरिकलाई वास्तविक रूपान्तरण दिनेछन्, वा फेरि पनि यी केवल 'उद्घाटनको राजनीति'को हिस्सा बन्नेछन्? सरकारलाई आवश्यक छ–शब्दभन्दा बढी कामको परिणाम देखाउन। यही परिणामले मात्र प्रदेशका नागरिकको जीवनस्तर सुधार्नेछ र संघीयता प्रतिको विश्वास मजबुत पार्नेछ।

# स्वमूल्याङ्कन नगर्ने दलहरूलाई प्रश्न गरौं



मोहन तिम्सिना

अरूलाई 'नियम पालन गर' भन्न सजिलो छ तर, आफैंलाई नियममा बाँध्न गाह्रो। यसो गर्न इमान्दारी चाहिन्छ। जसको इमान्दारीसाथ काम गर्ने सोच छैन, उसले नियम पालना गर्ने आफ्नो पालो आउँदा विभिन्न बहानाबाजी गरेर उम्कने प्रयास गर्दछ।

'राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि' को प्रकरणमा हाम्रा दलहरूले यही चरित्र देखाएका छन्। निर्वाचन आयोगले केही दिनअघि दलहरूको आन्तरिक अवस्था मूल्याङ्कनको लागि एक 'स्वमूल्याङ्कन कार्यविधि' तयार गरी दलहरूलाई पठाएको थियो। यसलाई 'राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि- २०८२' भनिएको छ। तर दलहरूले यसलाई स्वागत गर्नुको सट्टा विरोध गरे। विरोध पनि कुनै तथ्यका आधारमा होइन, हचुवाको भरमा।

कार्यविधिको नाम नै 'स्वमूल्याङ्कन कार्यविधि' हो। यसमा प्रशासक वा अरू कसैले नम्बर दिने होइन। यो, आफ्नो अवस्था दल आफैंले मूल्याङ्कन गर्ने विधि हो। सबै दलमा एकरूपताको लागि निर्वाचन आयोगले विधि मस्यौदा गर्‍यो। जुन 'राजनीतिक दल सम्बन्धी ऐन- २०७३' को प्रावधान अनुसार तयार गरिएको थियो।

तर दलहरूले यसलाई 'निर्वाचन आयोगका प्रशासकले दलहरूलाई नियमन गर्न खोजेको' भन्दै विरोध गरे। अचम्मको कुरा, पुराना मात्र होइन, कथित नयाँ दल पनि पुरानै दलको पंक्तिमा उभिएर हो-मा-हो मिलाए। अर्को अचम्म, राजनीतिक कार्यकर्ता र नागरिक समाज प्रायः सबै यो विषयमा मौन रहे।

बहुदलीय व्यवस्थामा राजनीतिक दलको नियमन र मूल्याङ्कन अति जरूरी विषय हो। राजनीतिक दल पारदर्शी र जवाफदेही भयो भने मात्र राज्य प्रणालीमा पनि पारदर्शिता र जवाफदेहिता कायम हुन सक्छ। त्यसैले यस प्रकारको कार्यविधि धेरै पहिला आउनुपर्दथ्यो। दलहरू आफैंले यो कार्यविधि छिटोभन्दा छिटो ल्याउन जोड गर्नुपर्दथ्यो।

हाल, ढिलै भए पनि निर्वाचन आयोगले यो विषयको मस्यौदा तयार गरेको छ। तर स्वागत गर्नुपर्ने पक्षहरू नै विरोधमा उत्रिएका छन्। यो प्रकरणले एउटै कुरा स्पष्ट पारेको छ, पुराना वा नयाँ सबैखाले दलहरू आफूलाई जवाफदेही बनाउन अनिच्छुक छन्।

***के छ स्वमूल्याङ्कन कार्यविधिमा ?***

स्थानीय सरकार र राज्यका अन्य केही निकायको कार्यप्रणालीको स्वमूल्याङ्कन गर्ने प्रचलन अहिले पनि चलिरहेकै छ। जस्तो कि 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७' प्रचलनमै छ। जसको मस्यौदा प्रशासकहरूले नै गरेका हुन्। यस्ता कार्यविधिको त दलले विरोध गरेको आजसम्म सुनिएको छैन। जब आफ्नै दैनिक काम-कारबाहीप्रति जिम्मेवार बन्नुपर्ने भयो, तब मात्र विरोध भएको हो।

राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि २०८२ ले साना वा ठूला, नयाँ वा पुराना, सबैखाले दलको आन्तरिक अवस्था कस्तो छ भनेर हेर्न मद्दत गर्दछ। यहाँ ठूला दललाई सजिलो र साना दललाई अप्ठ्यारो पर्ने पनि होइन, कुनै प्रशासकले मूल्याङ्कन गर्ने पनि होइन।

स्वमूल्याङ्कनका लागि २५ वटा न्यूनतम शर्त र सूचक तोकिएका छन्। निश्चित विषय र क्षेत्रका लागि अलग्गै सूचक तोकिएका छन् र ती सूचकको निश्चित अंकभार तोकिएको छ। संगठनात्मक संरचनामा ८, आन्तरिक व्यवस्थापनमा २२, दलको जिम्मेवारीमा १५, लैंगिक तथा समावेशी व्यवस्थामा १०, दलको कोष व्यवस्थापन र लेखा परीक्षणमा २०, निर्वाचनमा सहभागिता र प्रतिनिधित्वमा १५, राजनीतिक दलसँग सम्बन्धित अन्य व्यवस्थामा १० गरी जम्मा १०० पूर्णाङ्क राखिएको छ।

संगठनात्मक संरचनामा ६ वटा सूचक छन्। त्यसैगरी आन्तरिक व्यवस्थापनमा १४ वटा, दलको जिम्मेवारीमा ८ वटा, लैंगिक तथा समावेशी व्यवस्थामा ७ वटा, दलको कोष, वित्तीय व्यवस्थापन र लेखा परीक्षणमा १५ वटा, निर्वाचनमा सहभागिता र प्रतिनिधित्वमा १५ वटा र राजनीतिक दलसँग सम्बन्धित अन्य व्यवस्थामा १० वटा गरी जम्मा ७५ वटा सूचक राखिएका छन्।

हरेक दलले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र यस कार्यविधि बमोजिम आफ्नो मूल्याङ्कन आफैंले गरेर निर्वाचन आयोगलाई प्रतिवेदन बुझाउनुपर्दछ।

***कसरी गरिन्छ स्वमूल्याङ्कन ?***

न्यूनतम शर्तका लागि दुई विकल्प (भएको-नभएको) र हरेक विषयगत सूचकका लागि ३ वटा विकल्प राखिएका छन्- उत्तम, मध्यम र न्यून। हरेक सूचकमा यी दुई र तीन खाले विकल्पले बोक्ने अंकभार पनि स्पष्ट पारिएको छ। तर हचुवामा विकल्प छनोट गर्न भने पाइने छैन। कुन अवस्थामा कुन विकल्प छनोट गर्ने ? हरेक सूचकका लागि पुस्ट्याइँको आधार पनि तोकिएको छ। जस्तो कि न्यूतनम शर्तको सूचक नं २ मा 'दलको केन्द्रीय कार्यालय रहने स्थान' भन्ने छ। यहाँ दुई वटा विकल्प (भएको वा नभएको) मध्ये एक छान्नुपर्दछ। यसको पुस्ट्याइँको आधारमा 'केन्द्रीय कार्यालयको ठेगाना, सम्पर्क व्यक्तिको नाम, फोन नं. (ल्याण्डलाइन समेत), इमेल र वेबसाइट' भनिएको छ। यदि यी सबै विवरण देखाउन सकिने अवस्था छ भने 'भएको' विकल्पमा चिह्न लगाउन पाइयो, नत्र पाइएन।

अब संगठनात्मक संरचनाको क्षेत्रमा गरिने स्वमूल्याङ्कनको तरिका हेरौं। यसको सूचक नं. १ मा 'दलको संगठनात्मक संरचना तथा पदाधिकारी सम्बन्धी व्यवस्था विधानमा उल्लेख गरेको हुनुपर्ने' भनिएको छ। यसका लागि तीन विकल्प- उत्तम, मध्यम र न्यून तोकिएको छ। उत्तमका लागि अंक २, मध्यमका लागि अंक १.५ र न्यूनका लागि ०.५ तोकिएको छ।

अंक २ (उत्तम) का लागि पुस्ट्याइँको आधारमा भनिएको छ, 'संगठनात्मक संरचना तथा पदाधिकारी सम्बन्धमा विधानमा व्यवस्था र कार्यान्वयनमा रहेको संरचनाको अभिलेख भएमा'। अंक १.५ (मध्यम) का लागि पुस्ट्याइँको आधारमा भनिएको छ, 'संगठनात्मक संरचना तथा पदाधिकारी सम्बन्धमा विधानमा व्यवस्था भएको तर आंशिक मात्र कार्यान्वयन भएको'।

अंक ०.५ (न्यून) का लागि पुस्ट्याइँको आधारमा भनिएको छ, 'विधानमा व्यवस्था भएको तर कार्यान्वयन नभएको'।

आफ्नो दलको अवस्था जे छ, दलले सोही अनुसारको विकल्पमा चिनो लगाउने हो। सबै सूचकमा चिनो लगाउँदा जम्मा १०० पूर्णाङ्कको स्वमूल्याङ्कन हुन्छ। यदि स्वमूल्याङ्कन प्राप्तांक ८० देखि १०० भित्र आएमा 'अति-उत्तम', ५५ देखि ८० सम्म आएमा 'उत्तम', २५.५ देखि ५५ सम्म आएमा 'मध्यम' र ० देखि २५.५ सम्म आएमा 'न्यून' मानिने भनिएको छ।

सारा सूचकहरू दलको आन्तरिक जीवनसँग सम्बन्धित छन्। यसको मूल्याङ्कन गर्न बाहिरको कोही आउँदैन। दलका जिम्मेवार व्यक्ति बसेर यो काम गर्नुपर्दछ। यसका लागि छुट्टै खर्च लाग्ने पनि होइन। ठूला दलले बढी नम्बर र साना दलले कम नम्बर पाउने पनि होइन। बरु कतिपय प्रश्नमा साना दलले बढी नम्बर पाउन सक्छन्।

***नम्बरको भूमिका***

धेरै नम्बर ल्याउने दललाई के फाइदा हुन्छ ? थोरै नम्बर ल्याउने दललाई के घाटा हुन्छ ? यस सम्बन्धी व्यवस्था हाल उल्लेख छैन। थप स्पष्ट पार्ने काम त फेरि पनि दलहरूकै हो। अर्थात्, धेरै नम्बर ल्याउने दललाई के कस्तो सुविधा दिने वा नदिने भन्ने विषयमा त संसद्बाट कानून बनाउनु पर्‍यो। यो सवाल निर्वाचन आयोगले तय गर्ने नै होइन।

स्वमूल्यांकनमा धेरै नम्बर आउनु मूलतः दलको नैतिक सबलताको विषय हो। कुनै दलले धेरै नम्बर ल्याएछ भने उसले हामी पारदर्शी र जवाफदेही दल हौं भनेर गौरव गर्न पायो। मतदातालाई यो कुरा सुनाएर मतदाताको विश्वास जित्न पायो। कुनै दलले कम नम्बर ल्याएछ भने यसलाई सिकाइका रूपमा लिएर तत्काल आफ्नो प्रणालीमा सुधार गर्न पायो।

एक पटक न्यून नम्बर पाएको दल सधैं सोही अवस्थामै रहन्छ भनिएको छैन। आफ्नो प्रणालीमा सुधार गरेर तुरुन्तै अर्को वर्ष 'उत्तम दल' बन्न जुनसुकै दललाई समान अवसर छ। तर बाहिर भाषण गर्दा चाहिं ठूला-ठूला आदर्शका कुरा गर्ने, अनि आन्तरिक जीवनमा चाहिं कहिल्यै जवाफदेही र पारदर्शी नहुने दलको मुकुण्डो चाहिं यो कार्यविधिले उतार्ने नै हो। यस्ता ढोंगी दल मुलुकलाई जरूरी पनि छैन।

***कार्यविधिको सीमा***

यस कार्यविधिका केही सीमा अवश्य छन्। तर दलहरूले भने जस्तो कार्यविधिमा दललाई प्रशासकीय नियन्त्रण गर्ने वा साना दललाई अप्ठ्यारोमा पार्ने प्रावधान छैन। बरु केही जरूरी विषयमा संविधान र ऐनमै उल्लेख नहुँदा ती विषयमा यो कार्यविधि मौन छ।

जस्तो कि, अहिलेको संविधानमा सबै दलले एउटै विधान भित्र रहेर आफ्ना आन्तरिक प्रणाली संचालन गर्ने व्यवस्था छैन। 'स्वार्थको द्वन्द्व' हुने व्यक्तिलाई निर्वाचनमा भाग लिन रोक लगाउने व्यवस्था छैन। मतदाताले आवश्यक ठानेमा निर्वाचित व्यक्तिलाई फिर्ता बोलाउन पाउने व्यवस्था छैन।

संविधानका यस्ता अपूर्णताका कारण दलको स्वमूल्याङ्कनका लागि चाहिने अन्य केही अति जरूरी विषय कार्यविधिमा परेका छैनन्। संविधान तथा ऐनमा यस्ता विषय थप्दा मात्र यी विषय कार्यविधिमा समावेश गर्न सकिन्छ। तर कार्यविधि जे-जति बनेको छ, त्यो हालको संविधान र ऐनको भावना अनुरूप नै बनेको देखिन्छ।

हो, दलहरूले विषयगत क्षेत्र र त्यसमा छुट्याइएको अंकभारमाथि पुनर्विचार गरौं भन्न सक्छन्। जस्तो कि, आन्तरिक व्यवस्थापनमा २२ अंक र लैंगिक तथा समावेशी व्यवस्थामा १० अंक तोकिएको छ। कुनै दलले भन्न सक्छ- लैंगिक तथा समावेशी व्यवस्थाका लागि अंकभार बढाऔं वा अर्को कुनै सूचकमा घटाऔं। तर कार्यविधि नै गलत छ, हामी यसलाई मान्दैनौं भन्नु गैरजिम्मेवार र संविधान विरोधी चरित्र हो।

दलहरूले स्वमूल्याङ्कन कार्यविधिको विरोध गरेर आफैंले बनाएको संविधान र राजनीतिक दल सम्बन्धी ऐन २०७३ को विरोध गरेका छन्। यो प्रकरणले एउटा गम्भीर तथ्य अगाडि ल्याएको छ- अहिलेका कथित नयाँ वा पुराना सबै दल चारित्रिक दृष्टिले एकठाउँमा छन्, जो हचुवामा, झेली खेल मार्फत मुलुक चलाउन चाहन्छन्। यसको सार, मुलुकको आगामी नेतृत्वका लागि प्रणालीमा विश्वास गर्ने र प्रणालीलाई शिरोपर गर्ने नयाँ दल पैदा हुन जरूरी भएको छ। अनलाइनखबरडटकमबाट

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## कृष्ण जन्मोत्सव :

# प्रेम, धर्म र सद्भावको शाश्वत उत्सव

भाद्र कृष्ण अष्टमीको रात सदियौँदेखि विशेष मानिन्छ। जब मध्यरातको अँध्यारो फैलिएको थियो, अन्याय र अत्याचारको साम्राज्य चलिरहेको थियो, त्यही क्षण मथुराको कारागारमा प्रकाश फैलियो–भगवान् श्रीकृष्णको दिव्य अवतार भयो। कारागारका ढोका आफैं खुल्न थाले, शृङ्खला आफैं टुट्न थाले, र संसारमा आशा, धर्म र सत्यको नयाँ प्रभात उदायो। यो केवल एक जन्म होइन, धर्म र अधर्मबीचको शाश्वत संघर्षमा सत्यको पक्षमा ईश्वरीय उद्घोष थियो। यही स्मरण र श्रद्धासहित प्रत्येक वर्ष हामीले श्रीकृष्ण जन्माष्टमीलाई उत्सवका रूपमा मनाउँछौँ।



कृष्णको जीवन बहुआयामिक छ। उनी केवल भगवान् मात्र होइनन्, समाजलाई प्रेम, सद्भाव र सत्यको बाटो देखाउने अद्वितीय शिक्षक पनि हुन्। बाल्यकालमा माखन चोर्ने लीला गर्दै उनले जीवनलाई रमाइलो र आनन्दले भरिनुपर्छ भन्ने संदेश दिए। गोवर्धन पर्वत उठाएर उनले समाजलाई एकताबद्ध भई विपत्ति सामना गर्न सकिन्छ भन्ने पाठ सिकाए। कालिय नाग दमन गर्दै उनले साहस र निर्भीकताको आदर्श देखाए। यी सबै घटनाहरू केवल पौराणिक कथामात्र होइनन्, समाजलाई शिक्षित गर्ने सांस्कृतिक आख्यान हुन्।

उनको जीवनमा प्रेम र भक्ति विशेष स्थानमा छन्। राधासँगको सम्बन्धलाई संसारले अद्वितीय प्रेमको प्रतिकका रूपमा सम्मान गर्छ। त्यो प्रेम भौतिक वा स्वार्थी थिएन, त्यो आत्मा र परमात्माको मिलनको प्रतीक थियो। यसैले आज पनि लोकगीत, मैथिली भजन र चित्रकलामा राधाकृष्णको प्रेम अमर छ। यसले सिकाउँछ–साँचो प्रेम भनेको समर्पण हो, त्याग हो, र आत्मिक बन्धन हो।

महाभारत युद्धमा निराश अर्जुनलाई दिएको गीता उपदेश मानव सभ्यताको महान् सम्पत्ति हो। कृष्णले भने–कर्म गर, फलप्रतिको मोह नगर, सुखदुःखमा सम रह। यही दर्शनले मानिसलाई जीवनका संकटमा दृढ रहन, धर्म र सत्यबाट कहिल्यै विचलित नहुन प्रेरणा दिन्छ। आजको भोगवादी, प्रतिस्पर्धी र तनावग्रस्त समाजमा गीता अझै बढी आवश्यक छ। यसले शान्ति, आत्मसंयम र सद्भावको बाटो देखाउँछ।

जन्माष्टमी केवल धार्मिक पर्व होइन, यो सांस्कृतिक पर्व पनि हो। नेपाल-भारतका गली-चोकमा यस दिन भजन-कीर्तन गुञ्जिन्छ, झाँकी सजाइन्छ, बालकृष्णलाई झुला झुलाइन्छ। गाउँ-सहरमा मेला लाग्छ, लोकनृत्य र नाटक प्रस्तुत हुन्छन्। मिथिला र जनकपुरधाममा त यो दिन विशेष रौनक हुन्छ। महिलाहरू समूह बनाएर मैथिली-ब्रज भजन गाउँछन्, बालबालिकाले कृष्ण बनेर माखन चोर्ने झाँकी प्रदर्शन गर्छन्, मठ-मन्दिर दीपमालाले झिलिमिली हुन्छ। यसरी जन्माष्टमीले धर्मसँगै हाम्रो संस्कृति र लोकपरम्परालाई पनि जीवन्त बनाइरहेको छ।

कृष्णको दर्शन सामाजिक मेलमिलापमा पनि केन्द्रित छ। उनले सबैलाई प्रेम र सम्मान गर्ने शिक्षा दिए। सुदामासँगको मित्रता, गोपिनीहरूसँगको आत्मीयता, र युद्धभूमिमा अर्जुनसँगको संवादले यही कुरा स्पष्ट गर्छ। जात, वर्ग वा धनसंपत्तिको आधारमा होइन, आत्मा र आत्माको सम्बन्धकै आधारमा साँचो सद्भाव जन्मन्छ भन्ने शिक्षा कृष्णले दिएका छन्।

आज जब हाम्रो समाज भोगवाद, हिंसा र विभाजनको संस्कृतिमा अल्झिएको छ, त्यतिबेला कृष्ण जन्माष्टमीले हामीलाई स्मरण गराउँछ–जीवनमा प्रेम, सत्य, करुणा र सहिष्णुता अनिवार्य छन्। असत्य र अन्यायले केही समय प्रभुत्व जमाउन सक्छ, तर अन्ततः सत्य र धर्मको विजय हुन्छ। यही कृष्णको जीवनबाट पाइने अटल सन्देश हो।

त्यसैले जन्माष्टमी केवल भजन गाउने वा मेला मनाउने दिन होइन, यो आत्मा र समाजलाई शुद्ध गर्ने अवसर हो। कृष्णलाई केवल मन्दिरका मूर्तिमा नभई आफ्नै जीवनशैलीमा आत्मसात् गर्ने दिन हो। जब हामी सबैले धर्मलाई आचरणमा उताछौं, प्रेमलाई सम्बन्धमा बुनिन्छौं, र सहिष्णुतालाई व्यवहारमा ल्याउँछौं, तब मात्र कृष्ण जन्माष्टमीको वास्तविक अर्थ पूरा हुन्छ।

जनकपुरधाममा कृष्णजन्मोत्सव भव्य रुपमा मनाइन्छ। यहाँको रेल्वे स्टेशन, राधाकृष्णमन्दिर लगायतको ठाउँमा पाँच दशक बढीदेखि निरन्तर रुपमा मनाउँदै आएको छ। कृष्ण जन्मोत्सवले सामाजिक, धार्मिक एवं साँस्कृति सन्देश पनि दिइन्छ।

# डरमुक्त जीवनको सूत्र

हरेक व्यक्तिको जीवन उसैको हातमा हुन्छ। आफूले चाहेको कुरा प्राप्त गर्न सकिन्छ, तर त्यसका लागि व्यक्तिले आफूलाई परिवर्तन गर्नुपर्छ। हामीलाई अगाडि बढ्नबाट रोक्ने सबैभन्दा ठूलो बाधक भनेको डर हो। यो डर कहिलेकाहीँ स्पष्ट हुन्छ, जस्तै असफलताको डर, आलोचनाको डर वा अस्वीकृतिको डर। तर, कति पटक यो डर लुकेर हाम्रो मनको गहिराइमा बसेको हुन्छ, जसलाई हामीले चिन्न पनि सक्तैनौं।

आफूभित्रको डर पत्ता लगाउनका लागि पहिले आफ्नो मनलाई शान्त बनाएर आत्मनिरीक्षण गर्नुपर्छ। मलाई कुन कुराले सबैभन्दा बढी तर्साउँछ ? के म कुनै कुरालाई लिएर पछाडि हटिरहेको छु ? कुन परिस्थितिमा म असहज महसुस गर्छु ?

डरलाई चिन्नु भनेको कमजोरी स्वीकार गर्नु होइन, बरू यो शक्तिको पहिलो पाइला हो। जब आफ्नो डरलाई पहिचान गरिन्छ, तब त्यसलाई सामना गर्न सजिलो हुन्छ। डरसँग लड्नका लागि आत्मविश्वास र संकल्प चाहिन्छ।

*हरेक दिन राम्रो मानिस बन्ने संकल्प गर्ने*

हाम्रा विचारहरूले हाम्रो भविष्य निर्माण गर्छन्। सकारात्मक र शक्तिशाली सोचले हामीलाई नयाँ उचाइमा पुऱ्याउँछ। यदि हामीले हरेक दिन राम्रो मानिस बन्ने संकल्प गर्छौं भने, हाम्रो जीवनमा सकारात्मक परिवर्तनहरू देखा पर्छन्। यो संकल्प सानो भए पनि यसको प्रभाव ठूलो हुन्छ। जस्तो आज म कसैलाई सहयोग गर्नेछु भनेर संकल्प गर्न सकिन्छ।

आन्तरिक शक्तिलाई ब्यूँझाउनका लागि ध्यान, आत्मचिन्तन र सकारात्मक आत्मसंवाद महत्वपूर्ण छन्। जब आफ्नो शक्तिमा विश्वास गरिन्छ, तब बाहिरी परिस्थितिले नियन्त्रण गर्न सक्दैन। वास्तविक परिवर्तन तब आउँछ, जब डरलाई पार गरिन्छ र हरेक दिन सानो तर अर्थपूर्ण कदम चालिन्छ।

*सत्यता र इमानदारीपूर्वक व्यवहार गर्ने*

मानिसहरूसँगको सम्बन्धले हाम्रो जीवनलाई समृद्ध बनाउँछ। सत्यता, इमानदारी र सम्मानले व्यवहार गर्दा मानिसहरूको मन जित्न सकिन्छ। मानिसहरूले चाहने भनेको आफूलाई बुझ्नु र सम्मान पाउनु हो। त्यसका लागि कसैको कुरा ध्यानपूर्वक सुन्ने र उनीहरूको भावनालाई बुझ्ने



प्रयास गर्नुपर्छ।

अरूको सानो सफलतालाई पनि प्रशंसा गर्नुपर्छ यसले उनीहरूलाई प्रेरित गर्छ। कसैको नाम सम्झेर सम्बोधन गर्दा उनीहरू विशेष महसुस गर्छन्। यसले सम्बन्धलाई गहिरो बनाउँछ। जब हामीले अरूलाई सम्मान र खुसी दिन्छौँ, तब हामीले पनि उनीहरूको विश्वास र माया पाउँछौ। इमानदारी र सत्यताले सम्बन्धहरू बलियो बनाउँछन्।

*बिहानको पहिलो घण्टा निकै महत्वपूर्ण हुन्छ*

बिहानको पहिलो घण्टा दिनको सबैभन्दा महत्वपूर्ण समय हो। यो समयले दिनलाई ऊर्जावान बनाउन भूमिका खेल्न सक्छ। यदि यो समयलाई सही तरिकाले उपयोग गरियो भने, सम्पूर्ण दिन नियन्त्रणमा रहन्छ।

त्यसैले बिहान चाँडै उठेर आफूलाई समय दिनुपर्छ। ५-१० मिनेटको ध्यानले मनलाई शान्त र केन्द्रित बनाउँछ। हल्का व्यायाम वा योगले शारीरिक र मानसिक ऊर्जा बढाउँछ। प्रेरणादायी किताब वा लेख पढेर आफ्नो दिमागलाई सकारात्मक बनाउनुपर्छ।

दिनको मुख्य लक्ष्यहरू लेखेर आफूलाई स्पष्ट राख्नुपर्छ। यी बानीहरूले शारीरिक, मानसिक र भावनात्मक रूपमा बलियो बनाउँछ। यदि बिहानको समयलाई नियन्त्रण गरियो भने, सम्पूर्ण दिन व्यवस्थित र उत्पादनशील हुन्छ।

# नसीरुद्दीन शाह : सिनेमा, समाज र राजनीति

भारतीय चलचित्र क्षेत्रमा नसीरुद्दीन शाह परिपक्व र अनुभवी कलाकारको रूपमा चिनिन्छन्। अभिनयको अलावा उनी समाज, राजनीति र सिनेमामा आफ्नो स्पष्ट भनाइहरूको कारणले पनि चर्चामा रहन्छन्।

जहाँ मानिसहरू चलचित्र क्षेत्रमा होसियारीका साथ बोल्छन् वा मौन बस्छन्, त्यहाँ स्पष्टताका साथ आफ्नो कुरा राख्ने नसीरुद्दीन शाह हाल ७५ वर्ष पुगेका छन्। उनले आफ्नो जीवनको ५० वर्ष त सिनेमालाई दिएका छन्।

उत्तर प्रदेशको बाराबन्कीमा जन्मिएका नसीरुद्दीन शाहको आफ्नो बुबासँग कहिल्यै राम्रो सम्बन्ध भएन। अन्य बुबाहरूले जस्तै उनका बुबाले पनि नसीरले एउटा राम्रो करियर अपनाएको चाहन्थे।

तर उनी बुबाले भनेको करियर तिर गएनन्। बुबाबारे उनले आफ्नो आत्मकथा 'एन्ड देन वन डे' मा लेखेका छन्, 'मेरा बुबा अङ्ग्रेजहरू जस्तै बस्थे। सरधना जस्तो सानो सहरमा पनि उनी टोपी नलगाई बाहिर निस्कँदैनथे। उनी हामीलाई पैसाले किन्न सकिने सबैभन्दा राम्रो शिक्षा दिन चाहन्थे। उनी फारसीका साथै राम्रो अङ्ग्रेजी पनि बोल्थे। तर उनले हामीलाई कहिल्यै पश्तो वा फारसी सिकाउन आवश्यक ठानेनन्।'

*आमाप्रतिको स्नेह*

आफ्नो बुबाको तुलनामा नसीर आफ्नी आमालाई बढी मान्थे। माया गर्थे। तर उनको रिस निकै कडा थियो। यतिसम्म कि उनका बुबाले पनि त्यो रिस अघि टिक्न सक्दैनथे। नसीरले आफ्नी आमाको बारेमा लेखेका छन्, 'बुबासँग मेरो कुराकानी ठप्प हुँदा आमाले मलाई साथ दिनुहुन्थ्यो।'

आमासँगको आफ्नो सम्बन्धबारे उनले थप लेखेका छन्, 'जब मलाई पद्म पुरस्कारले सम्मानित गरिएको थियो, म आमासँगै राष्ट्रपति भवन गएको थिएँ। मेरो दराजमा अझै पनि उहाँको एउटा सल छ, जसमा उहाँको सुगन्ध ताजै छ। सलको एउटा कुनालाई आफ्नो सासले न्यानो बनाएर मेरो आँखामा राख्दिनु हुँदा त्यो मेरो जीवनको सबैभन्दा शान्त क्षण हुन्थ्यो।'

*परवीन मोरादसँग विवाह*

अलीगढ विश्वविद्यालयमा पढ्दा उनको भेट डाक्टरीको पढाइ गरिरहेकी पाकिस्तानकी नागरिक परवीन मोरादसँग भयो।

त्यतिबेला उनी १९ वर्षका थिए। तर पनि उनले आफूभन्दा करिब १५ वर्ष जेठी परवीनलाई विवाहको प्रस्ताव राखे। र, दुवैले विवाह पनि गरे।

नसीर लेख्छन्, 'उनी हेर्नमा त्यति सुन्दर थिइनन्। तर उनले लगाउने लुगाले मलाई आकर्षित गर्थ्यो। उनी धेरै हाँस्थिन्। हामीले एक(अर्काको हात समातेर हिड्दा देख्ने मान्छेहरू खुसुखुसु कुरा गर्थे। अनि नोभेम्बर १, १९६९ मा हामीले गुपचुप रूपमै विवाह गर्यौं। धेरै दिनपछि मैले बुबालाई थाहा दिए। उहाँले पत्र लेखेर मलाई 'बेककूप' भन्नु भएको थियो।'

तर सन्तान भएपछि उनीहरूको सम्बन्ध बिग्रियो। नसीरले छोरी हिबाको जन्मपछि छोरीसँग नै इर्ष्या हुन थालेको आफ्नो जीवनीमा उल्लेख गरेका छन्। उनका अनुसार छोरीको जन्मपछि परवीनको जीवनमा सबैभन्दा महत्त्वपूर्ण व्यक्ति उनी रहेनन्। यसले परवीनप्रतिको उनको आकर्षण कम हुँदै गयो।

त्यसपछि दिल्लीबाट अलीगढको उनको साप्ताहिक यात्रा मासिक यात्रामा बदलियो। र, पछि त बिस्तारै बन्द नै भयो। यता परवीन सुरुमा इङ्गल्यान्ड र त्यसपछि इरानमा बस्न थालिन्।

*अध्ययन र पहिलो फिल्म*

नसीरुद्दीन शाहले दिल्लीको नेसनल स्कूल अफ ड्रामामा भर्ना भए। त्यहाँ उनी स्कूलका निर्देशक अलकाजीको सम्पर्कमा आए। अलकाजीलाई नसीरले अभिनयको पढाइ गरेको मन परेको थिएन। नसीर निर्देशनतर्फ लागेको उनको चाह थियो। यता अलकाजीको व्यक्तित्वका धेरै पक्षले नसीरलाई प्रभाव पारिरहेको थियो। 'सानाभन्दा साना कुरामा पनि अलकाजीको नजर रहन्थ्यो। निर्देशक भएर पनि उनले शौचालयको सफाइमा ध्यान दिन्थे। अक्सर उनी आफैं पनि शौचालय सफा गरिरहेका हुन्थे,' उनले अलकाजीबारे लेखेका छन्।

त्यहाँपछि उनले पुणेको फिल्म इन्स्टिच्युटमा अभिनयको पढाइ जारी राख्ने निर्णय गरे। त्यसका लागि उनका दाइहरू जहीर र जमीरले पढाइका लागि पैसा पठाइदिन्थे । यद्यपि उनीहरू दुवैले हरेक महिना मात्र ६०० रुपैयाँ कमाउँथे। र विवाहित भए पनि १०० रुपैयाँ नसीरलाई पठाउँथे।

र त्यही पुणे फिल्म इन्स्टिच्युटमा पढिरहँदा उनलाई फिल्मको मौका आयो। सो कलेजका निर्देशक गिरीश कर्नाडले उनलाई सुझाएका थिए। त्यसपछि नै उनी श्याम बेनेगलको फिल्म 'निशान्त'मा जोडिएका थिए। नसीरुद्दीनले आफ्नो आत्मकथामा बताए अनुसरा यो फिल्मका लागि उनलाई १० हजार भारु दिइएको थियो।

उक्त फिल्म रिलिज भइसकेको थियो। मसूरीमा मल्ल नजिक उनका बुबा घुमिरहेका थिए। त्यहाँ उनले छोराको नाम भएको फिल्मको पोस्टर देखे। उनी सिधै रियल्टो टकीजमा उनको फिल्म हेर्न गए। घर फर्केर उनकी आमालाई पनि उनको अभिनयको बारेमा बताए। यता एक्लै किन फिल्म हेरेर आएको भनी आमा रिसाइन्। फलस्वरूप आमालाई लगेर फेरि उनका बुबा छोरा खेलेको फिल्म हेर्न गए।

*मन्थन र मासूममा जबरदस्त अभिनय*

त्यसपछि नसीरका एकपछि अर्को फिल्महरूले समीक्षकहरूबाट प्रशंसा पाउन थाल्यो। सबैभन्दा पहिले 'मन्थन' आयो। यस फिल्म बनाउन गुजरात सहकारी दुग्ध महासङ्घका पाँच लाख सदस्यहरूले दुई-दुई रुपैयाँ दिएर १० लाख रुपैयाँ जम्मा गरेका थिए।

यो फिल्म दश हप्तासम्म बम्बईका सिनेमाघरहरूमा हाउसफुल भएर चल्यो। त्यसपछि भूमिका, कथा, स्पर्शु, अल्बर्ट पिन्टोको गुस्सा क्यों आता है, मण्डी, जुनून, उमराव जान, पार जस्ता धेरै फिल्महरूमा नसीरले आफ्नो अभिनयको क्षमता प्रमाणित गरे।

सन् १९८३ मा आएको 'मासूम' उनका लागि फेरि उत्कृष्ट भयो। त्यहाँ उनले गरेको जबरदस्त अभिनयलाई धेरैले प्रशंसा गरेका थिए। जसलाई लिएर त फिल्मका निर्देशक शेखर कपुरले एक अन्तर्वार्तामा भनेका छन्, 'फिल्म निर्माताको रूपमा मेरो जीवनको सबैभन्दा ठूलो दुःख यो रह्यो कि मैले नसीरसँग 'मासूम' पछि कहिल्यै काम गरिनँ। यो फिल्ममा उनको अभिनय यति ताजा छ कि लाग्छ फिल्म हिजो मात्रै बनाइएको हो। यसमा कुनै शङ्का छैन कि उनी भारतका महान् कलाकारहरूमध्ये एक हुन्'

*स्पेन्सर ट्रेसीबाट प्रभावित*

करियरको सुरुमै नसीरुद्दीन शाहले आफूसँग फिल्म स्टारको जस्तो अनुहार नभएको र ठेठ हिन्दी फिल्मका कलाकारजस्तै नाच्ने क्षमता नभएको बताएका थिए। यस्तो भन्ने उनले सुरुमा शम्मी कपूरको नक्कल गर्दै बस्थे।

तर जब उनले हेमिङ्वेको उपन्यासमा आधारित अङ्ग्रेजी फिल्म 'ओल्ड म्यान एन्ड द सी' हेरे, त्यसपछि रुउनको पुरानो सोच भत्कियो। उक्त फिल्म हेरेपछि नै हो, उनलाई लाग्यो जब साधारण अनुहार भएको कलाकार स्पेन्सर ट्रेसीले गजबको स्क्रिन प्रेजेन्स देखाउन सक्छन्, तब मैले किन नसक्ने ?

यसरी उनी अभिनेताको कठित क्षमता नहुँदाहुँदै पनि  स्पेन्सर ट्रेसीबाट प्रभावित भए। र अभिनय क्षेत्रमा रहिरहे। तर लामो करियर यात्रामा उनले कलात्मक फिल्महरूमा त काम गरे, गरे। सँगै व्यावसायिक फिल्महरूमा पनि उनी सफल भए। सन् १९८९ मा आएको त्रिदेवु, सन् २०११ मा आएको फिल्म डर्टी पिक्चर, चमत्का, मोहरा, चाइना गेट र जिन्दगी न मिलेगी दोबारा जस्ता कमर्सियल फिल्महरूमा उनले काम गरेका छन्।

# कृष्ण जन्मोत्सव : आज रेल्वे स्टेशनमा भव्य मेला



दैनिक समाचारदाता
जनकपुरधाम, ३१ साउन । वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्णजन्माष्टमी' पर्व जनकपुरधाम लगायत देशभर भगवान् श्रीकृष्णको पूजा( आराधना गरी श्रद्धा(भक्तिपूर्वक मनाउँदैछन् ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्णजन्माष्टमी' र रातलाई 'मोहरात्रि' भनिन्छ । यस दिन देशभरिका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा( आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष 'व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रूपमा जन्मनुभएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गर्नुभएको थियो ।

कुरुक्षेत्रमा कौरवहरूसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयम् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद्भगवद्गीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ ।

बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाउनुभएका श्रीकृष्णले पुतना, कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गर्नुभएको पौराणिक ग्रन्थमा उल्लेख छ ।

यस अवसरमा जनकपुरधामको विभिन्न ठाउँमा आज (आईतवार) मेला लागेको छ । जनकपुरधामको रेल्वे स्टेशनमा विगत ५९ वर्षदेखि भव्य रुपमा जन्मोत्सवका साथ मेलाको आयोजना हुँदै आएको छ । सोही अन्तरगत आज भव्य मेलाको आयोजना गरिएको छ ।

मेलालाई मध्यनजर गरी सुरक्षा व्यवस्था पनि कडा गरिएको छ । रेल्वे स्टेशनको कृष्णजन्मोत्सव मेला हेर्नका लागि बेलुका ३ बजेदेखि रात्रि ११ बजेसम्म श्रद्धालुहरुको घुइचो लागेको हुन्छ । सुरक्षा व्यवस्थाको निकै कडा व्यवस्था गरिएको छ ।

त्यसैगरी मालपोत नजिक कृष्ण मन्दिरमा पनि शनिवार रातिदेखि नै भव्य मेलाको आयोजना गरिएको छ । नृत्यसंगीतले श्रद्धालुहरुलाई मनमुग्द पार्दै आएको छ ।

# दर्ता भएर सञ्चालनमा नरहेका विद्यालयको अनुमति खारेजी गरिने

काठमाडौँ, ३१ साउन । काठमाडौँ महानगरपालिकाले आफ्नो मातहतमा दर्ता भएका तर सञ्चालनमा नरहेका संस्थागत विद्यालयहरूको अनुमति खारेजीको तयारी थालेको छ ।

कामपा शिक्षा विभागले यस्ता विद्यालयहरूको स्थलगत अनुगमन गरी खारेजीको लागि थप प्रक्रियामा जाने तयारी गरेको कामपाले जानकारी दिएको छ । वैकल्पिक विद्यालयहरू महिला ज्योति, जायना र जेम्स नमूनालाई स्थानान्तरण अनुमति दिइएको कामपाको उपप्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो ।

उहाँका अनुसार २५ वटा विद्यालयको नाम परिवर्तनको लागि अनुमति दिइएको छ । सामुदायिक तथा संस्थागत विद्यालयहरूको कक्षा र विषय थप, नाम र स्थान परिवर्तन, स्वामित्व परिवर्तन, सञ्चालनमा नरहेका विद्यालयहरूको अनुमति खारेजी, वैकल्पिक विद्यालय स्थानान्तरणजस्ता विषय कामपाको शिक्षा समितिमा छलफलको क्रममा रहेको उहाँले जानकारी दिनुभयो । रानीदेवी माध्यमिक विद्यालय, रानीबारीलाई शैक्षिक सत्र २०८२ देखि कक्षा १० सञ्चालन गर्न अनुमति दिइएको छ । पशुपति मित्र, गीतामाता, जनकल्याण, जनपथ र नेपाल आदर्श माध्यमिक विद्यालयलाई प्राविधिक धारमा कक्षा १२ मा सिभिल र कम्प्युटर इञ्जिनियरिङ विषय थप गर्न अनुमति प्रदान गरिएको छ ।

संस्थागत विद्यालयहरूको कक्षा र विषय थपका लागि १२ वटा विद्यालयलाई अनुमति दिने तयारी पनि कामपाले गरेको छ । त्यस्तै नाम परिवर्तनका लागि कागजात पेस गरेका २१ वटा विद्यालयलाई अनुमति दिइएको छ । संस्थागत विद्यालयको स्थानान्तरणको लागि आवश्यक मापदण्ड तयार गरी आगामी शिक्षा समितिको बैठकमा पेस गर्न कामपा शिक्षा तथा स्वास्थ्य समितिलाई जिम्मेवारी दिइएको छ ।

आर्थिक वर्ष २०८२ र ८३ को शिक्षा क्षेत्रको बजेट र बुक फ्रि फ्राइडे कार्यक्रमको उपयोगिता, सान्दर्भिकता र परिमार्जनका लागि शिक्षा तथा स्वास्थ्य समितिमार्फत १५ दिनभित्र प्रतिवेदन पेस गर्ने तयारी कामपाको छ ।

सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि डा सुरजराज काफ्लेको संयोजकत्वमा कार्यदल गठन गरिएको छ । कार्यदलले विद्यालय सञ्चालनको मापदण्ड, सामाजिक र स्रोत नक्साङ्कन, भौतिक संरचना, शैक्षिक गुणस्तर र दीर्घकालीन शिक्षा योजनाका लागि सुझावसहितको प्रतिवेदन पेस गर्नेछ प्रारम्भिक बाल विकासको अभिलेखीकरण विधान दर्ताका लागि शिक्षा विभागले अध्ययन गरी कार्य गर्ने कामपाले जनाएको छ । रासस

# राष्ट्रपति पौडेल कृष्ण मन्दिरमा



दैनिक समाचारदाता
ललितपुर, ३१ साउन । राष्ट्रपति पौडेलले पाटनस्थित कृष्ण मन्दिरको दर्शन र भगवान् श्रीकृष्णको पूजा आराधना गरी प्रसाद ग्रहणसमेत गर्नुभएको छ ।

श्रीकृष्ण जन्माष्टमीको अवसरमा शनिबार पूजा आराधनाका लागि राष्ट्रपति पौडेल प्रथम महिला सविता पौडेलसहित पाटनस्थित कृष्ण मन्दिर पुग्नुभएको थियो ।

राष्ट्र प्रमुखको हैसियतमा कृष्ण जन्माष्टमीमा ललितपुरको कृष्ण मन्दिरमा पुगेर पूजा गर्ने चलन रहेको छ । राष्ट्रपति पौडेललाई कृष्ण मन्दिर परिसरमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनलगायत जनप्रतिनिधिले स्वागत गर्नुभएको थियो । किंवदन्तीअनुसार महादेव मन्दिर बनाउन राखिएको जग्गामा सपनामा भगवान् श्रीकृष्णले मन्दिर बनाउन भनेपछि राजा सिद्धिनरसिंहले खन्न लगाउँदा जमिनमुनि कृष्णको मन्दिर फेला परेपछि तल कृष्ण र माथि शिव मन्दिर स्थापना गरिएको हो ।

# मनसुनको अवस्था कमजोर यी प्रदेशहरूमा मध्यम वर्षाको सम्भावना

दैनिक समाचारदाता
काठमाडौँ, ३१ साउन । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतर्फ अवस्थित रहेकाले नेपालमा मनसुनको अवस्था कमजोर रहेको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो सुदूरपश्चिम प्रदेश लगायत देशको पहाडी भू-भागमा साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदली रहनेछ ।

लुम्बिनी र सुदूरपश्चिम प्रदेशको पहाडी तथा तराई भू-भागलगायत बाँकी प्रदेशको पहाडी भू-भागका थोरै स्थानहरूमा तथा बाँकी तराई भू-भागका एक-दुई स्थानमा मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

आज राति कोशी र सुदूरपश्चिम प्रदेशलागायत बाँकी प्रदेशका पहाडी भू-भागमा साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदली रहनेछ । कोशी र सुदूरपश्चिम प्रदेशको पहाडी तथा तराई भू-भागलगायत बाँकी प्रदेशको पहाडी भू-भागका थोरै स्थानहरूमा र बाँकी तराई भू-भागका एक-दुई स्थानमा मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४